# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
वागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- ८४

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

मिति: २०७७ / ०४ / ०८

विषय: निर्णय पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सवै)
टोखा नगरपालिका ।

उपरोक्त सम्वन्धमा यस टोखा नगरपालिका नगर विपद् व्यवस्थापन समितिको मिति २०७७ साल श्रावण ७ गते टोखा नगरपालिकाको कार्यालयमा बसेको वैठकको निर्णय प्रति थान १ (एक) तहाँको जानकारी एवं आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

..................
८।४।८
(अनिल प्रसाद जोशी)
अधिकृत सातौं

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५Email : hellotokha@gmail.com/Website: tokhamun.gov.np

Scanned with CamScanner

**बैठकका प्रस्तावहरु**

१. प्रत्येक वडामा रेस्क्यू टीम (उद्धार टोली) गठन गर्ने सम्बन्धमा।

२. सामग्री खरिद सम्बन्धमा।

३. वडा नं १ मा मृत्यु भएकालाई राहत उपलब्ध गराउने सम्बन्धमा।

४. बिबिध।

**निर्णय**

प्रस्ताव १ माथि छलफल गर्दा देशब्यापी मौसमी बर्षात र सम्भाबित बिबिध प्राकृतिक प्रकोप रोकथाम न्यूनिकरण र जोखिमलाई मध्यनजर गरी टोखा नगरपालिका वडा नं १ देखी ११ सम्म सबै वडामा वडा अध्यक्षहरुको संयोजकत्वमा रहेको बिपद् ब्यवस्थापन समितिलाई बिपद् उद्धार कार्यमा समेत क्रियासिल गराउने निर्णय गरियो।

प्रस्ताव २ माथि छलफल गर्दा प्रहरी कार्यालयको सिफारिस बमोजिम आवश्यक बिपद् नियन्त्रण सामग्री खरिद गर्ने निर्णय गरियो।

प्रस्ताव ३ माथि छलफल गर्दा मिति २०७७ असार ६ गते परेको अबिरल बर्षातका कारण यस नगरपालिका वडा नं १ मा बसोबास गर्दै आएका बर्ष २ का जुम्ल्याहा बालबालिका सचिन रानामगर र सन्ध्या रानामगरका अभिभावकहरुलाई किरिया खर्च लगायत अन्य सहायताको लागि एकमुष्ठ रु. ५००००/- बिपद् ब्यवस्थापन कोष मार्फत राहत उपलब्ध गराउने निर्णय गरियो।

४. बिपद सम्बन्धी रोकथाम तथा ब्यवस्थापनको लागि वडाबाट सिफारिस भई आएको निवेदनहरु तथा कृषी शाखाबाट सिफारिस भई आएको असिना पानीको कारणबाट कृषकहरुको टनेल तथा बालीमा क्षति भएको सम्बन्धमा वातावरण तथा बिपद ब्यवस्थापन समिति तथा कृषी शाखाबाट यथासिघ्र अनुगमन गरी प्रतिवेदन आएपछि नगर बिपद् ब्यवस्थापन समिति संयोजकसँग प्रतिवेदन उपर छलफल गरी राहत तथा क्षतिपूर्ति प्रदान गर्ने निर्णय गरियो।

५. सडक बाटो घाटो लगायत अन्य सार्वजनिक संरचनामा पुग्न गएको क्षतिको अवस्था वातावरण तथा बिपद ब्यवस्थापन समितिबाट अनुगमन गरी तत्काल रोकथाम तथा नियन्त्रणको लागि अस्थायी संरचना निर्माण गर्ने निर्णय गरियो।

Scanned with CamScanner